# विदुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## विदुर, नुवाकोट
## बागमती प्रदेश, नेपाल

पसल कवल भाडामा दिने सम्बन्धी शिलवन्दी दरभाउ पत्र आव्हानको सूचना

( दोर्सो पटक प्रकाशित मितिः (२०८१/०५/०६)

ठेक्का नं. BM/NCB/Revenue/०३/०८१/०८२

यस विदुर नगरपालिकाको स्वामित्वमा रहेको वडा नं ९ कोलनी स्थित १५ वटा सटरहरुमध्ये एउटा सटर नगर पालिकाके नै स्वामित्वमा रहने गरि यातायात व्यवसायी ( टिकट काउन्टर ) लाई उपलब्ध गराउने तथा बाँकी १४ वटा सटर पसल कवलहरु २०८६ साल आषाढ मसान्त सम्मका लागि सिलवन्दी दरभाउपत्र आव्हान गरी भाडामा लगाउनेप प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ । व्यक्तीको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्मको हकमा फर्मको आधिकारिक प्रमाणपत्रको प्रतिलिपि र नगरपालिकामा दर्ता गरिएको व्यवसाय कर प्रमाणपत्रको प्रतिलिपि सहित देहायका शर्त बमोजिम न्यूनतम अंकबाट बढाबढ गरी ईच्छुक व्यक्ति, फर्महरुबाट शिलबन्दी दरभाउपत्र पेश गर्नका लागि १५ दिने सूचना प्रकाशित गरिएको छ।

शर्तहरुः

१. शिलवन्दी दरभाउपत्र यस कार्यालयको राजश्व शाखाबाट सूचना प्रकाशित मितिले १५ औं दिन सम्ममा रु. १,०००/०० (पछि फिर्ता नहुने गरी) मा खरिद गर्नुपर्नेछ र खाम बाहिर प्रष्ट संग माथि उल्लेखित विषय खुलाई शिलवन्दी गरी १६ औं दिन दिनको १२.०० वजे सम्ममा पेश गर्नु पर्नेछ र पेश गरिएका शिलवन्दी दरभाउपत्र सोही दिन २.०० वजे शिलवन्दी दरभाउपत्र पेश गर्ने र खोलिने दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ।

२. सटरहरुको गणना गर्दा पश्चिमतिर (वडा नं. ९ को वडा कार्यालय जाने बाटो ) बाट पहिलो सटर लाई १ नं. दोस्रो लाई २ नं. मानी क्रमश हुदैं पूर्व तर्फको अन्तिम सटरलाई १५ नं. मानिनेछ ।

३. दरभाउपत्र सटर नम्बर तोकि छुट्टाछुट्टै रुपमा पेश गर्नुपर्ने छ । भाडादर न्यूनतम मासिक रु. ६,०००/०० का कायम गरिएको छ ।सम्झौताको २ बर्षपछी हरेक २ बर्षमा भाडादर पुनरावलोकन गरिनेछ ।

विनोद कुमार खनाल
प्रमुख प्रशासकिय अधिकृत

४. १५ वटा सटर मध्ये पूर्व तर्फको एक सटरमा मासुपसल राख्नुपर्ने, र.अन्य सटरहरु विभिन्न आईटमका पसलहरु राख्नु पर्नेछ ।कानूनले वन्देज गरेका र सामाजिक वातावरणलाई खलल् पुर्याउने र मेटल वर्कशप, गाडी /मोटरसाईकल वर्कशप ज़स्ता ध्वनी /कम्पन /वातावरण प्रदुषण हुने कुनै व्यवसाय सञ्चालन गर्न पाईने छैन ।

५. शिलवन्दी दरभाउपत्र दाताले आफूले कवोल गरेका अंक र अक्षर प्रष्ट संग लेख्नु पर्नेछ ।अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यत दिइनेछ ।

६. शिलवन्दी दरभाउपत्र दाताले आफुले कवोल गरेको अंकको वार्षिक अंकको ५ प्रतिशत रकमले हुन आउने रकम धरौटी स्वरुप यस नगरपालिकाको नेपाल बैंक लिमिटेड, शाखा कार्यालय, त्रिशुली स्थित धरौटी खाता नं ०२६०३००००३००००००००४ मा दाखिला गरी सक्कल बैंक भौचर सिलवन्दी दरभाउपत्रका साथ पेश गर्नु पर्नेछ ।

७. म्याद नाघि वा रित नपुगी प्राप्त शिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

८. कारण खुलाई वा नखुलाई शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार विदुर नगरपालिकामा रहनेछ ।

९. ऐन नियम बमोजिम बुझाउनु पर्ने सम्पूर्ण करहरु शिलवन्दी दरभाउपत्रदाता स्वयमले बुझाउनु पर्नेछ ।

१०. शिलवन्दी दरभाउपत्र स्वींकृत पश्चात सम्झौता गर्ने समयमा आफूले कवोल गरेको मासिक भाडा दरको तिन महिना बराबरको धरौटी वापत रकम धरौटी खातामा र पहिलो महिनाको भाडा रकम दाखिला गरी सम्झौता गर्न आउनु पर्नेछ । म्याद भित्र धरौटी र पहिलो महिनाको भाडा रकम सहित सम्झौता गर्न नआएमा शिलवन्दी दरभाउपत्र पेश गर्दा राखिएको धरौटी जफत गरी दरभाउपत्र रद्ध गरिनेछ ।

११. भाडा रकम प्रत्येक महिनाको २२ गतेभित्र विदुर नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

१२. प्रत्येक वा सवै सटरको लागि न्यूनतम कबोल रकमको १ दरभाउपत्र परे पनि सम्झौता गर्न बाधा परेको मानिने छैन।

१२. पहिले बसिरहेको व्यक्ति तथा व्यवसायिको हकमा ०८१ श्रावण १ गते देखि र नयाँ व्यक्ति तथा व्यवसायिको हकमा सम्झौता मिति देखि सटर भाडा लागु हुनेछ।पुराना व्यवसायी तथा व्यक्तिले सटर भाडाको लागि बोलपत्र पेश नगरेमा सूचना सकिएको भोलिपल्ट सटर खाली गर्नुपर्नेछ ।

१३. यस सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित ऐन, नियम र शिलवन्दी दरभाउपत्र उल्लेख भए अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

विदुर नगरपालिका

**विनोद कुमार खनाल**
**प्रमुख प्रशासकिय अधिकृत**